**Tribhuvan Journal** Vol. 2 No. 1: 117-124, December 2023; Research Management Cell, Tribhuvan Multiple Campus, Tribhuvan University, Nepal
DOI:https://doi.org/10.3126/tribj.v2i1.60272

# 'मेरी सानी भतिजी प्रतिमा' कथामा आलोचनात्मक यथार्थवाद

*टंकप्रसाद भट्टराई*
*tankabhattarai21@gmail.com*
*सहप्राध्यापक*
*त्रिभुवन बहुमुखी क्याम्पस पाल्पा*

***Article History:*** *Received 21 May 2023; Reviewed 25 August 2023; Revised 25 October 2023; Accepted 21 November 2023*

**लेखसार**

*प्रस्तुत लेखमा रमेश विकलको 'मेरी सानी भतिजी प्रतिमा' कथाको विश्लेषण गरिएको छ । नेपाली साहित्यमा विकललाई प्रगतिवादी कथाकार मान्दै उनले लेखेका सबै कथाहरूलाई प्रगतिवादी दृष्टिकोणबाट अध्ययन विश्लेषण गर्ने परम्परा बसेको पाइन्छ । परन्तु प्रगतिवादी साहित्यले रचनामा जुन प्रकारको वर्गीय विभेदका विरुद्धमा विद्रोहको अपेक्षा गर्दछ त्यस प्रकारको विद्रोही चेतना यिनका कथाका पात्रहरूमा भेटिँदैन । विकलको मेरी सानी भतिजी प्रतिमा' उनका कथामध्येको लोकप्रिय र चर्चित कथा मानिन्छ । प्रस्तुत कथामा समाजमा विद्यमान विभिन्न प्रकारका विभेदमध्येको लैङ्गिक विभेदलाई विषय बनाएको पाइन्छ । युगौँदेखि पितृसत्तात्मक समाजको प्रभावबाट ग्रसित बनेको समाजमा लैङ्गिक विभेदका कारण पुरुषले महत्त्व पाउने र नारीले महत्त्व नपाउने अवस्था देखिन्छ । यसरी नारीलाई महत्त्व नदिने र पुरुषलाई महत्त्व दिने कार्यमा स्वयं नारीहरूसमेत देखिन्छन् । यसले समाजलाई यतिसम्म ग्रसित तुल्याएको छ जसले गर्दा स्वयं जन्मदिने आमाले आफ्ना सन्तानमा समेत विभेद गर्ने र छोरालाई काखा र छोरीलाई पाखा गर्ने गरेको देखिन्छ । समाजको यही सत्यलाई प्रस्तुत गरेको यस कथामा विभेदको चरम अवस्थालाई प्रस्तुत गरिएको देखिन्छ परन्तु विभेदको विरुद्धमा कसैले पनि आवाज उठाउन सकेको पाइँदैन । यसरी अन्याय अत्याचार हुनु तर त्यसका विरुद्धमा आवाज नउठाउनुजस्ता अवस्थाको प्रस्तुति भएका कृति वा रचनालाई यस दृष्टिकोणबाट अध्ययन विश्लेषण नगरिएकाले मेरी सानी भतिजी प्रतिमा' कथामा आलोचनात्मक यथार्थवादको केकस्तो प्रस्तुति रहेको छ ? भन्ने मुख्य समस्यामूलक प्रश्नमा केन्द्रित रही विश्लेषणात्मक विधिको प्रयोग गरेर आलोचनात्मक यथार्थवादका सैद्धान्तिक दृष्टिकोणबाट प्रस्तुत कथा सशक्त रहेको निष्कर्ष निकालिएको छ ।*

*शब्दकुञ्जी : आलोचनात्मक दृष्टि, निरङ्कुशता, पितृसत्ता, प्रगतिवादी चेतना, लैङ्गिक विभेद ।*

## विषयपरिचय

'मेरी सानी भतिजी प्रतिमा' कथा रमेश विकलको चौथो कथासङ्ग्रह *एउटा बूढो भ्वाइलेन : आशावरीको धुनमा* कथासङ्ग्रहमा समाविष्ट छ । १९८५ सालमा काठमाडौंमा जन्मिएका विकलले स्नातकोत्तरतहसम्मको औपचारिक अध्ययन गरी निजामति सेवामा संलग्न भई काम गरेको देखिन्छ । उनले प्राध्यापन कार्य समेत गरेको पाइन्छ । साहित्यका कथा, उपन्यास, नाटक, निबन्ध, विधामा सशक्त रूपमा कलम चलाएका विकलले २००६ सालमा *शारदा* पत्रिकामा 'गरिब' शीर्षकको कथा प्रकाशित गरेर कथायात्राको औपचारिक थालनी गरेको पाइन्छ । *बिरानो देशमा* (२०२६), *नयाँ सडकको गीत* (२०१९), *आज फेरि अर्को तन्ना फेरिन्छ* (२०२४), *एउटा बूढो भ्वाइलेन : आशावरीको धुनमा* (२०२५), *उर्मिला भाउजू* (२०३५), *शव शालिक र सहस्र बुद्ध* (२०४३), *हराएका कथाहरू* (२०५५) कथासङ्ग्रहहरू प्रकाशित गरेका विकलले आफ्नो दोस्रो कथासङ्ग्रह *नयाँ सडकको गीत*का लागि मदन पुरस्कार प्राप्त गरेको देखिन्छ ।

नेपाली साहित्य समालोचनाका क्षेत्रमा रमेश विकललाई प्रगतिवादी कित्ताका अग्रणी कथाकारको रूपमा अध्ययन, चर्चा, विश्लेषण गर्दै आएको पाइन्छ । प्रगतिवाद र आलोचनात्मक यथार्थवाद नजिकको सम्बन्ध रहेका तर केही भिन्न दृष्टिकोण भएका सैद्धान्तिक दृष्टिकोण हुन् । मूलतः यथार्थवादको थालनी भएपछि यसका सामाजिक यथार्थवाद, समाजवादी यथार्थवाद (प्रगतिवाद), आलोचनात्मक यथार्थवाद, ऐतिहासिक यथार्थवाद, प्रकृतवादी यथार्थवादजस्ता भेदहरू देखापर्दछन् । सामाजिक यथार्थवादले यथार्थवादले अभिव्यक्त गर्ने अर्थलाई वहन गर्छ भने अन्य दृष्टिकोणहरूले केही भिन्न परिचय बनाएको पाइन्छ । समाजवादी यथार्थवाद वा प्रगतिवादले शोषक र शोषित दुई वर्गलाई प्रस्तुत गर्दछ र अन्यायमा परेको वर्गले त्यसका विरुद्धमा विद्रोह गर्नुपर्दछ भन्ने मान्यता राख्दछ । आलोचनात्मक यथार्थवादले पनि शोषक र शोषित दुई वर्गलाई प्रस्तुत गर्दछ । त्यसकारण यिनमा निकटतम सम्बन्ध देखिन्छ परन्तु आलोचनात्मक यथार्थवादमा शोषितहरूलाई विद्रोह नगराई उनीहरूका पक्षमा सहानुभूति उत्पन्न गर्ने प्रयत्न गरिन्छ । यही दृष्टिकोणमा आइपुग्दा यी दुई सिद्धान्तहरू एकअर्काबाट पृथक हुन पुग्दछन् ।

रमेश विकललाई नेपाली साहित्य समालोचनाले प्रगतिवादी कथाकार मान्दै आएको भए पनि उनी मूलतः आलोचनात्मक यथार्थवादी कथाकार हुन् । उनका हरेक कथाले नेपाली समाजमा विद्यमान अन्यायअत्याचार दमनशोषण; जातीय, लैङ्गिक आदि विभेदको अवस्थालाई अत्यन्त प्रभावकारी रूपमा प्रस्तुत गरेको पाइन्छ । परन्तु उनका कथामा पात्रले अन्यायका विरुद्धमा विद्रोह गरेको पाइदैन । अतः उनका कथामा आलोचनात्मक यथार्थवादी दृष्टिकोण प्रवल बनेको पाइन्छ । रमेश विकलका कथालाई यस दृष्टिकोणबाट अध्ययन विश्लेषण नगरिएको हुँदा उनको 'मेरी सानी भतिजी प्रतिमा' कथालाई प्रतिनिधि रचनाका रूपमा चयन गरी यसमा आलोचनात्मक यथार्थवादको केकस्तो स्वरूप पाइन्छ ? भन्ने समस्यामूलक प्रश्नमा केन्द्रित हुँदै प्रस्तुत कथामा प्रयुक्त आलोचनात्मक यथार्थवादी पक्षको सूक्ष्म विश्लेषण गरी प्रस्तुत कथा यस दृष्टिकोणले सबल रहेको निष्कर्ष निकालिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानमूलक लेख रमेश विकलद्वारा लेखिएको 'मेरी सानी भतिजी प्रतिमा' कथाको विश्लेषणमा आधारित रहेको छ । प्रस्तुत कथालाई आलोचनात्मक यथार्थवादी सिद्धान्तका सापेक्षतामा विश्लेषण गरी निष्कर्ष निकालिएको हुँदा मुख्य स्रोत सामग्रीका रूपमा रमेश विकलले लेखेको 'मेरी सानी भतिजी प्रतिमा' कथा रहेको छ भने सैद्धान्तिक पर्याधारका निम्ति समालोचनात्मक सन्दर्भ सामग्रीको उपयोग गरिएको छ । अतः पुस्तकालयीय स्रोतका माध्यमबाट द्वितीय स्रोत सामग्रीको प्रयोग गरी सैद्धान्तिक विश्लेषण विधिको प्रयोग गरी अध्ययनलाई सम्पन्न गरिएको छ ।

## आलोचनात्मक यथार्थवादको सैद्धान्तिक पर्याधार

आलोचनात्मक यथार्थवादलाई यथार्थवादकै एउटा शाखा मानिन्छ । विश्व साहित्यमा स्वच्छन्दतावादको अतिकल्पनाशीलता, यथार्थ धरातलभन्दा बाहिरको उडानजस्ता पक्षबाट असन्तुष्ट स्रष्टाहरूले साहित्यले समाज र सभ्यताको वास्तविक धरातलमा उभिनुपर्छ भन्ने मान्यताका साथ जीवनजगत्का दुःखसुखका पक्षहरूलाई प्रस्तुत गर्न थालेपछि यथार्थवादको थालनी भएको मानिन्छ । असम्भाव्य तथा अद्भूतताको चित्रण प्रस्तुतिलाई अस्वीकार गर्दै सिर्जनामा यथार्थ, वस्तुसत्य, जीवनको वास्तविकतालाई चित्रण गर्नुपर्ने मान्यता यथार्थवादको रहेको पाइन्छ (भारद्वाज, सन् २०११, पृ. २२०) । उन्नाइसौँ शताब्दीमा आरम्भ भएको यथार्थवादी साहित्यले स्रष्टाहरूमा यति ठूलो प्रभाव पारेको देखिन्छ जसले गर्दा यस सिद्धान्तमा व्यापकता उत्पन्न हुन गई यसका अनेक शाखाहरूको विकास हुन गएको पाइन्छ । यसैअन्तर्गतको आलोचनात्मक यथार्थवादी लेखनको आरम्भ तथा उन्नयनमा अमेरिकी दार्शनिकहरूद्वारा संयुक्त रूपमा प्रकाशित क्रिटिकल रियलिज्म (सन् १९२०) पुस्तकले यस दृष्टिकोणको सैद्धान्तिक आधार प्राप्त गरेको मानिन्छ (मिश्र, सन् १९८८, पृ. २३१) । सर्वप्रथम क्रिटिकल रियलिज्म पदावलीको प्रयोग सन् १९३४ मा सोभियत लेखकहरूको सम्मेलनमा म्याक्सिम गोर्कीले सभाध्यक्षको मन्तव्यका क्रममा अभिव्यक्त गरेको पाइन्छ (मिश्र, सन् १९७८, पृ. ४०) । जसलाई नेपालीमा आलोचनात्मक यथार्थवादका नामले सम्बोधन गरिएको पाइन्छ ।

समाजमा विद्यमान वर्गीय विभेदलाई केन्द्रविन्दु बनाई त्यसको प्रस्तुति गर्ने आलोचनात्मक यथार्थवादले गतिहीनता, अराजकता, निरङ्कुशता, व्यभिचार, मानवीय मूल्यको क्षय जस्ता पक्षलाई महत्त्व दिने गरेको पाइन्छ । तल्लो वर्गलाई माथि उठ्न नदिने, उनीहरूको गतिमा अवरोध सिर्जना गर्ने (न्यौपाने, २०७८, पृ. २) प्रवृत्तिका साथै अन्धविश्वास, शोषण, सामाजिक आस्था जस्ता पक्षलाई प्रस्तुत गर्दै त्यसप्रति आलोचनात्मक दृष्टि प्रस्तुत गर्नु यसको मुख्य विशेषता मानिन्छ (प्रधान, २०५२, पृ. १४९) । आलोचनात्मक यथार्थवाद मूलतः यथार्थवादकै एक रूप हो । त्यसकारण यसले समाजमा देखिने वास्तविकताको नै प्रस्तुति गर्दछ परन्तु सामाजिक यथार्थवादले जस्तो विषयको तटस्थ प्रस्तुति नगरेर त्यसप्रति आलोचनात्मक दृष्टिकोण प्रस्तुत गर्न मन पराउँछ । समाजमा विद्यमान विकृतिविसङ्गतिलाई चिरफार गरेर उचित समाधानको बाटो देखाउन नसके पनि त्यस्ता विकृतिविसङ्गतिको निन्दा गर्दै (बराल र एटम, २०५८, पृ. ११८) अन्याय अत्याचारमा परेकाहरूप्रति पाठकको सहानुभूति र शोषक वर्गप्रति वितृष्णा उत्पन्न गर्नु यस सिद्धान्तको विशेषता मानिन्छ ।

जस्तोसुकै अन्याय अत्याचारको सामना गर्नुपर्दा पनि त्यसका विरुद्धमा आवाज उठाउन नसक्ने निरीह वर्गको केन्द्रीयता नै आलोचनात्मक यथार्थवादी रचनाको विशेषता मानिन्छ । त्यसकारण यस प्रवृत्तिका लेखन सिर्जनाले वर्गीय, लैङ्गिक र जातीय रूपमा विद्यमान सामाजिक विभेदका विरुद्धमा पात्रहरूमा आँट, साहस, जोस, उत्पन्न गरेको देखिदैन र पनि समाजमा कहाँनिर कुन प्रकृतिको अन्याय चलिरहेको छ ? भन्ने कुरालाई उजागर गर्नु तथा सचेत र परिवर्तन चाहने वर्गलाई निमुखा वर्गप्रति सहानुभूति उत्पन्न गर्दै शोषकप्रति वितृष्णाको भाव उत्पन्न गराउने कार्यमा यस वर्गका सिर्जनाको विशेष महत्त्व रहेको पाइन्छ । समाज रूपान्तरणका पक्षमा सामाजिक यथार्थवादले दिशा निर्देश गर्न नसकिरहेको अवस्थामा बाल्जाक, टाल्सटाय, टमसम्यान प्रभृति लेखकहरूले आलोचनात्मक यथार्थवादलाई अवलम्बन गरेर समाजमा देखापरेका ठूला परिवर्तनलाई प्रस्तुत गर्न सफल भएको देखिन्छ (गौतम, २०५९, पृ.२४) । यस प्रवृत्तिलाई विकसित गर्ने कार्यमा स्टेन्थाल, गोगल, फ्लुवर्ट, डिकेन्स, दोस्तोब्स्की, पुस्किन प्रभृत्ति स्रष्टाहरूको महत्त्वपूर्ण भूमिका रहेको मानिन्छ (शर्मा र लुइटेल, २०६१, पृ. ३०१) ।

मूलतः आख्यान क्षेत्रमा अत्यधिक प्रयोग हुने गरेको आलोचनात्मक यथार्थवादी लेखन नाटक, कविता आदि विधामा समेत प्रयोग हुने गरेको देखिन्छ । नेपाली साहित्यमा आधुनिक कालको सुरुवातसँगसँगैजसो आलोचनात्मक यथार्थवादी लेखनको आरम्भ भएको देखिए पनि त्यसलाई नै समालोचकहरूले प्रगतिवादी लेखनका रूपमा चर्चा गरेको देखिन्छ । यसको एउटा महत्त्वपूर्ण दृष्टान्त रमेश विकलको कथाकारिताको अध्ययनलाई लिन सकिन्छ ।

## विमर्श र नतिजा

रमेश विकलद्वारा लेखिएको 'मेरी सानी भतिजी प्रतिमा' कथा उनको चौथो कथासङ्ग्रह *एउटा बूढो भ्वाइलेन : आशावरीको धुनमा* कथासङ्ग्रहमा समाविष्ट छ । २०२१ सालमा रचना गरिएको प्रस्तुत कथा २०२५ सालमा प्रकाशित भएको देखिन्छ । प्रस्तुत कथामा आलाचेनात्मक यथार्थवादको प्रयोग गरिएको पाइन्छ । समाजमा विद्यमान वर्गीय विभेदका विभिन्न स्वरूपहरूमध्ये प्रस्तुत कथाले लैङ्गिक विभेदको स्वरूपलाई प्रस्तुत गरेको पाइन्छ । विभेदको स्वरूपलाई प्रस्तुत गर्ने आलोचनात्मक दृष्टिकोणमा दुई वर्ग हुन्छन् । एउटा शोषक वर्ग हुन्छ जसले सधै अन्याय अत्याचार गरेर निमुखालाई माथि उठ्न दिँदैन र अर्को त्यस्तो निमुखा वर्ग हुन्छ जसले आफूमाथिको अन्यायलाई प्रतिवाद गर्न सक्दैन र सहन बाध्य हुन्छ । प्रस्तुत कथामा लैङ्गिक विभेदको स्वरूपलाई प्रस्तुत गर्ने क्रममा स्वयं आमाले आफ्ना सन्तानमध्ये छोरा र छोरीमाथि गरेको विभेदलाई प्रस्तुत गरिएको छ । कथामा निरङ्कुश, सामन्ती स्वभावकी पात्रका रूपमा म पात्रकी भाउजू र कथाकी प्रमुख पात्र प्रतिमाकी आमा देखिएकी छ । अन्यायमा परेको र लैङ्गिक विभेद सहन बाध्य पात्रका रूपमा स्वयं प्रतिमा देखापर्दछे । प्रस्तुत कथामा शोषण गर्ने पात्र उमेरले पाको र शोषित पात्र सानी बालिका देखिन्छन् । जो उमेर, चेतनास्तर आदिले पनि विरोध विद्रोह वा अधिकारका पक्षमा बोल्न आवाज उठाउन सक्दिन । कथामा त्यो हैसियत वा क्षमताको पात्रका रूपमा म पात्र अर्थात् प्रतिमाको अंकल देखापर्दछ परन्तु उसले पनि आवाज उठाएको देखिँदैन । त्यसकारण प्रतिमा आमाका अत्याचार सहिरहन बाध्य देखिएकी छ, साथै शोषक वर्गको प्रतिनिधित्वि गर्ने सहायक पात्र प्रतिमाको भाइ अशोक देखिन्छ भने प्रतिमाको बाबु जो सूच्य पात्र हो उसको पनि निष्कृयता देखिनुले कथालाई आलोचनात्मक बनाउन महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । यहाँ कथालाई सूक्ष्म अध्ययन गर्ने उद्देश्यले विभिन्न उपशीर्षकमा विभक्त गरिएको छ ।

### शोषक वर्गको प्रतिबिम्ब

प्रस्तुत 'मेरी सानी भतिजी प्रतिमा' कथामा शोषणको स्वरूप प्रस्तुत गर्ने प्रमुख खलनायकीय स्वभावको प्रतिनिधि पात्रका रूपमा प्रतिमाकी आमा देखापर्दछे । ऊ एकातिर नारी भएर पनि नारीमाथि नै अन्याय अत्याचार गर्ने पात्रका रूपमा कथामा उपस्थित छ भने अर्कातर्फ आमा भएर पनि आफ्नै सन्तानमाथि विभेद गर्ने; छोरालाई काखा र छोरीलाई पाखा गर्ने पात्रका रूपमा देखापर्दछे । प्रतिमाकी आमामा छोरीप्रति माया ममता लेसमात्र पनि देखिँदैन । त्यतिमात्र नभई उसमा मानवतासमेत देखिँदैन । कथामा नारीहरू नै समाजमा नारीहरूमाथि शोषण गर्न अग्रसर हुन्छन् त्यसैले नै नारी जाति पछि परेका छन् भन्ने कुराको प्रमाणका रूपमा प्रतिमाकी आमा प्रस्तुत भएकी छ । सामन्तवादी स्वभाव र चरित्रका व्यक्तिहरू आफूभन्दा माथिल्ला वर्गको दासता स्वीकार्नुका साथै आफूभन्दा निमुखा कमजोर वर्गप्रति दासत्वपूर्ण व्यवहार गर्दै उनीहरूमाथि चरम अन्याय गर्छन् भन्ने देखिन्छ । कथामा प्रतिमाकी आमाले छोराका गल्ती कमीकमजोरीहरूप्रति आँखा चिम्लनु र सबै दोष छोरीमाथि लगाउनु यही कुराको प्रमाणका रूपमा देखापर्दछ । पितृसत्तात्मक व्यवस्थामा पुरुषको वर्चस्व हुन्छ । कथामा प्रतिमाको भाइ अशोक पितृसत्ताको प्रतिनिधि अर्थात् शोषकको प्रतिनिधि पात्रका रूपमा प्रस्तुत भएको पाइन्छ । सामन्तवादी सोँच र चिन्तनबाट ग्रसित प्रतिमाकी आमाले छोराको पक्षमा बोल्नु र

उसको पक्ष लिनु उसको सामन्तवादी चरित्रको परिचायक बनेर देखापरेको पाइन्छ । घरमा छँदा आफूसँग अत्यन्त लाडिएकी चञ्चल बालिका प्रतिमा चारवर्षको अन्तरालमा पुनः घर फर्कँदा उसमा देखिएको परिवर्तन उसको स्वभाव देखेर चिन्तित हुँदै म पात्रले भाउजूसँग प्रतिमाबारे जिज्ञासा राख्दा अत्यन्त रुखो बोलीमा भनेको "... कुन्नि किन हो त्यसै मर्न आँटेकी झैँ देखिन्छे । आफू खान दिनको चार साँझ कोचीकोची घिचेकै छ" ( विकल, २०३८, पृ. १८) भन्ने अभिव्यक्तिमा छोरी प्रतिमाप्रतिको उसको तिरस्कारपूर्ण आग्रह र व्यवहारलाई दर्शाउँछ । म पात्रले बाहिरबाट आउँदा भतिजाभतिजीका निम्ति ल्याइदिएको खेलौनाहरू दिन खोज्दा छोरालाई बोलाउने क्रममा "अंकल मधेसबाट आउनु भा । हेर बाबुलाई के के ल्याइदिनु भ रहेछ" (विकल, २०३८, पृ. १९) भन्ने मृदुल अभिव्यक्ति र उति नै बेला म पात्रले भतिजीको खोजी गर्दा अत्यन्त रुखो र उच्चाटिएको स्वरमा बोल्नुजस्ता व्यवहारबाट ऊ एक आमा भएर पनि पितृसत्तात्मक चिन्तनबाट ग्रसित आग्रही पात्र हो भन्ने देखिन्छ । घरमा भाइ अशोकले दिदी प्रतिमाप्रति अन्याय गर्दा उल्टै छोराप्रति लागेर प्रतिमालाई हप्काउने पिट्ने स्वभावले ऊ सामन्तवादी चरित्र भएकी दयाहीन पात्र हो भन्ने देखिन्छ । प्रतिमा एक्लै एकान्तमा खेलिरहेका बेला अशोक उसका खेलौना खोस्न आउनु र आफूले भनेजस्तो नहुँदा घरै थर्काउनेगरी चिच्याएर रुनुजस्ता घटनासँग जोडेर भाउजूका प्रतिक्रियालाई यसरी प्रस्तुत गरिएको पाइन्छ- "...तत्कालै भाउजू हुर्रिदै भित्र पसिन् र अन्धो रिसले प्रतिमाको गालामा पटापट चडकन दिन थालिन् । प्रतिमा असहाय भएर रुन थाली" (विकल, २०३८, पृ. २१) । अर्को एक ठाउँमा ऊ स्पष्टै भन्छे- त्यो त छोरो पो त । यो घरमा त्यसको ..." (विकल, २०३८, पृ. २१) । यस अभिव्यक्तिबाट प्रतिमाकी आमा लैङ्गिक रूपमा कतिसम्म आग्रही छ भन्ने कुरालाई स्पष्ट पार्दछ । त्यही उसको लैङ्गिक विभेदग्रस्त आग्रही स्वभाव नै उसमा अन्तर्निहित दासमनोवृत्तिको उपजका रूपमा देखापर्दछ ।

प्रस्तुत कथामा प्रतिमाको कथा मुख्य कथाको रूपमा देखापरेको पाइन्छ भने इन्जिनियरका परिवारको कथा सहायक कथाका रूपमा देखिन्छ । त्यस कथामा समेत ठिक प्रतिमाको परिवारसँग मेल खाने घटना प्रस्तुत भएको छ । इन्जिनियरकी श्रीमतीले पनि प्रतिमाकी आमाले जस्तै सन्तानमाथि लैङ्गिक विभेद गर्दै छोरालाई माया र छोरीलाई अन्याय गरेको पाइन्छ । त्यसकारण कथामा अर्को खलपात्र सामन्तवादको प्रतिनिधि पात्रका रूपमा इन्जिनियरकी श्रीमतीलाई लिन सकिन्छ । मुख्य कथाको अशोक र सहायक कथाको इन्जिनियरको छोरा पनि कथामा खलपात्रका रूपमा देखिन्छन् । यी दुवै उमेरले बालक छन् । यी पात्रहरू अभिभावकको अत्यधिक र अनावश्यक मायाका कारण बिग्रिएका जिद्दी र घमण्डी स्वभावका पात्रका रूपमा देखापरेका छन् । आफूले भनेको हुनै पर्ने, अरुका अधिकारमा पनि आफ्नो हक जमाउने, आफूले भनेजस्तो नभएमा रुने, चिच्याउने र आफूले चाहेको गरिछाड्ने पात्रका प्रतिनिधि बनेर देखापरेका अशोक र इन्जिनियरका छोरा अभिभावकको शक्तिको आडमा अरुमाथि दमन अन्याय अत्याचार शोषण गर्ने स्वभावका पात्र हुन् । इन्जिनियरको घरमा हुने अन्यायपूर्ण व्यवहारको घटनालाई कथामा यसरी प्रस्तुत गरिएको छ-

> ...नाटकको दृश्यमा पहिले ...सानी केटीको छाया देखिन्थ्यो । उसको हातमा केही खेलौनाजस्तो वस्तु हुन्थ्यो र उसको सम्पूर्ण चेष्टा केही हच्केझैँ केही दब्केझैँ लाग्दथ्यो । ...त्यसभन्दा अलि सानो छाया दगुरेर भित्र पसेको देखिन्थ्यो र दुवै गुत्थमगुत्था गरेको लडेको देखिन्थ्यो । साथै दुई केटाकेटीको तीखो स्वर पनि सुनिन्थ्यो र यस लठारोको मध्यान्तरतिर एउटा ठूलो स्वास्नीमान्छेको छाया पस्थ्यो । दुईमध्ये एउटा छायामाथि थप्पड र लपटाको वर्षा गर्न लागेको देखिन्थ्यो । अनि साथै एउटी केटीको कङ्लाे-शब्द त्यस कोठाको बन्द झ्यालढोका भेदन गरेर बाहिर सडकको वातावरणमा फैलिन्थ्यो । (विकल, २०३८, पृ. १२)

ठिक यही प्रकृतिको घटना र अवस्था म पात्रका दाजुको घरमा पनि हुने गरेको देखिन्छ । जसले गर्दा म पात्रकी भतिजी प्रतिमा अत्यधिक अन्यायमा परेको र चार वर्षको अन्तरालमा उसमा अनपेक्षित परिवर्तन आएको देखिन्छ । यसरी कथामा शोषण गर्ने, सामन्तवादी चिन्तन, निरङ्कुशताको प्रतिनिधि बनेर प्रतिमाकी आमा, इन्जिनियरकी पत्नी, प्रतिमाको भाइ अशोक र इन्जिनियरको छोरा देखापरेका छन् ।

**शोषितको प्रतिबिम्ब**

प्रस्तुत 'मेरी सानी भतिजी प्रतिमा' कथामा शोषण, अन्याय, अत्याचारको चरम अवस्थालाई प्रस्तुत गरिएको पाइन्छ । प्रस्तुत कथामा समाजमा विद्यमान लैङ्गिक शोषणको स्वरूपलाई प्रस्तुत गरिएको छ । समाजमा लिङ्गका आधारमा हुने अनेक प्रकृतिका विभेदहरू देखापर्दछन् । प्रस्तुत कथाले स्वयं आफैले जन्म दिएका सन्तानमाथि आमाले गर्ने विभेद र छोरालाई काखा र छोरीलाई पाखा गर्ने प्रवृत्तिलाई विषय बनाइएको पाइन्छ । त्यसकारण प्रस्तुत कथामा शोषित वर्गको प्रतिनिधित्व गर्ने पात्रका रूपमा छोरी भएकैले चरम विभेदमा परेका साना नानीहरूलाई प्रस्तुत गरिएको पाइन्छ । प्रस्तुत कथामा आफ्नै आमा र भाइका अनेक प्रकारका यातना, विभेद र अत्याचारको शिकार बन्न बाध्य भएकी कथाकी प्रमुख पात्र प्रतिमा र इन्जिनियरकी छोरी शोषित वर्गको प्रतिबिम्बका रूपमा प्रस्तुत भएका छन् । आफ्नो अङ्कल कथाको म पात्र आफूसँगै घरमा रहँदा अत्यन्त चञ्चल स्वभावकी पात्र प्रतिमा ऊ चारवर्षसम्म विदेशमा बसेर घर फर्कँदा पत्याउनै नसक्नेगरी परिवर्तित भएकी देखिन्छे । यसको कारण त्यसबीचमा प्रतिमाकी आमाले भाइ अशोकलाई जन्म दिनु र छोरो जन्मिएपछि छोरीप्रति विभेदपूर्ण व्यवहार गर्नु देखिन्छ । दिदीभाइका झगडामा छोरीमै दोष देख्नु, छोरीप्रति पटक्कै माया प्रेम नदेखाई रुखो व्यवहार गर्नु र हरेक कुरामा पिट्नु, गाली गर्नुजस्ता आमाका स्वभावका कारण ऊ सधैं त्रसित र भयभीत देखिएकी छे ।

कथामा आफ्नो अङ्कलसँग रहँदा उसको बालसुलभ चञ्चलतालाई प्रस्तुत गरिएको पाइन्छ । कुनै पनि कुरामा नडराउने, अनेक प्रश्न गर्ने र आफ्ना कुराको बेवास्ता गरिदिएर आफूले भनेजस्तो नहुँदा आफ्नो अङ्कललाई सताएर हैरान पार्ने उसको स्वभावलाई कथामा यसरी प्रस्तुत गरिएको छ- "...अनि त मेरो कोठाको गाइजात्रा बनाइदिन्थी । टेबिलका किताबहरू भुइँभरि छताछुल्ल; भरखर तन्ना कसेको ओछ्यान लफण्ड्याएर हविलाठ, तहलाएका-पट्याएर राखेका लुगाहरू फैलाएर उछित्तो पारिदिन्थी' (विकल, २०३८, पृ. १३) । प्रतिमाको यसप्रकारको स्वभावले उसको निडर, र चञ्चले स्वभावको परिचय दिएको छ भने चार वर्ष विदेशमा पढेर फर्किंदा प्रतिमामा देखिएको परिवर्तन आश्चर्यलाग्दो देखिन्छ । आमा भाइसँग मात्र नभई स्वयं अङ्कलसँग समेत ऊ नजिकिन नसक्ने गरी डराएकी देखिन्छे । म पात्रले त्यसको कारण बुझ्दा अशोक जन्मिएपछिको भाउजूको अत्याचारपूर्ण व्यवहार नै प्रतिमाको स्वभावमा देखिएको परिवर्तनको कारण हो भन्ने देखापरेको छ । म पात्र उसको मनोदशाका विषयमा भन्छ- "यो केटी आफूभित्र कत्रो वेदना र आतङ्कको बोझ बोकेर बाँचिरहेकी छ ?" (विकल, २०३८, पृ. १९) । केही दिन त्यसघरमा बस्दा म पात्र अङ्कलको माया, प्रेम र संरक्षणले केही खुल्न थालेकी प्रतिमा जब अङ्कल नोकरीको सिलसिलामा घर छोडेर टाढा मधेश (भरतपुर) जानुपर्ने हुन्छ । त्यो थाहा पाएपछि आफूलाई पुनः एक्लो र असहाय महसुस गरेकी प्रतिमा अङ्कलसँग भन्छे- "अङ्कल ! अंकल मधेश कैले जाने ? ... म पनि अंकलसँग मधेश जान्छु है अंकल !" (विकल, २०३८, पृ. २१) । प्रतिमाको मानसिक अवस्था र उसप्रति हुने गरेका अत्याचारका भावहरूको अझ स्पष्ट अभिव्यक्ति निम्न अभिव्यक्तिमा पाइन्छ-

> मलाई यो असहाय अवस्थामा छोडेर जान लाग्यौ ? ...मलाई पनि लानोस् । मधेशमा त मेरो पुतली लुट्ने अशोक छैन । अनि छोराको पक्षमा छोरीलाई बोझ सम्झने मम्मी पनि छैन । अंकल म छोराको

राजमा कसरी बसौँ ? मलाई पनि मधेश लानोस् । जहाँ मेरो अंकल छ, स्नेह छ, ममता र विवेक छ । (विकल, २०३८, पृ. २२)

प्रतिमाको यसप्रकारको निरीह अवस्थाले कथामा लैङ्गिक शोषणले चरम अन्याय सहन विवश वर्गको प्रतिनिधित्व गरेको देखिन्छ । कथामा शोषणमा परेका वर्गको प्रमुख प्रतिनिधि बनेर प्रतिमा देखापरेकी छ भने यस वर्गको अर्को पात्र म पात्र बस्ने घर अगाडि डेरा गरी बस्ने इन्जिनियरकी छोरी देखापरेकी छ । उसको अवस्था पनि कथामा ठिक प्रतिमाकै जस्तो देखिएको छ ।

### गतिहीनताको प्रतिबिम्ब

प्रस्तुत 'मेरी सानी भतिजी प्रतिमा' कथामा शोषण, शोषित वर्गका साथै गतिहीन अवस्थाको प्रतिनिधित्व गर्ने पात्रहरू समेत देखापर्दछन् । साहत्यिमा प्रगतिवादबाट अलग्याएर आलोचनात्मक यथार्थवादी तुल्याउने मुख्य तत्त्व यही गतिहीनता हो । शोषण, अन्याय, अत्याचार सहने तर त्यसका विरुद्धमा बोल्न प्रतिवाद र प्रतिकार गर्न नसक्ने पात्रहरू नै गतिहीन मानिन्छन् । सामान्यतः कथा उपन्यासमा शोषित वर्गका पात्र नै गतिहीन बनेर शोषण सहिरहेका देखिन्छन् परन्तु प्रस्तुत कथामा शोषण गर्ने पात्र आमा प्रौढ तथा शोषित पात्र प्रतिमा बालक भएकाले बालबालिकामा प्रतिकार गर्ने क्षमता नदेखिने हुनाले कथाकारले शोषण अन्याय अत्याचारको बोध गर्ने पात्रका रूपमा मूलतः म पात्र प्रतिमाको अंकललाई प्रस्तुत गरिएको पाइन्छ । त्यसकारण कथालाई आलोचनात्मक यथार्थवादी तुल्याउने मुख्य गतिहीन पात्रका रूपमा म पात्र नै देखापर्दछ । प्रतिमालाई अत्यधिक माया गर्ने म पात्रले भाउजूले प्रतिमामाथि अन्याय गरेको कुरालाई राम्रोसँग बोध गरेको पाइन्छ । उसले भनेको छ- "अशोक जन्म्यो; अनि के, छोरो जन्मेपछि त्यो छोरी अनपेक्षित बोझ भै आमाबाबुका लागि ? उसको आत्माको सम्पूर्ण विश्वास संकुचित र संत्रसित भएर बाँधिएको जस्तो, किचिएको जस्तो किन ?" (विकल, २०३८, पृ. १९) । यसरी म पात्रले भाउजूले छोरो पाएपछि छोरीप्रति अन्याय र विभेद गरेकी छन् भन्ने बुझेर सम्झाउन खोज्छ तर भाउजूमा त्यसको कुनै सकारात्मक प्रभाव देखिँदैन । आफू केही दिन बस्दा प्रतिमालाई माया गर्छ । ऊ नोकरीका निम्ति मधेश जाँदैछ भन्ने थाहा पाएपछि आफ्नो संरक्षण र सहारा गुमेझैँ महसुस गरेकी प्रतिमाका विषयमा मौन भैदिनु म पात्रको गतिहीनता हो । आफू माया गर्छ; अन्याय भैरहेको थाहा पाएको अवस्थामा आफ्नै सहोदर दाजुकी छोरी भतिजीको जीवन त्यसरी बर्बाद हुँदैगर्दा भाउजूसँग सामान्य कुराबाहेक नगर्नु, दाजुसँग त्यस विषयमा कुरा नगर्नु भतिजीलाई स्वयं आफैसँग लाने विषयमा विचार नगर्नुका साथै इन्जिनियरको परिवारमा दैनिकजसो छोरीमाथि भैरहेको आमा र भाइका अत्याचारको मुकदर्शक बनेर रहनु उसको गतिहीन चरित्र हो । कथामा म पात्रका साथै  सूच्य पात्रका रूपमा रहेको प्रतिमाको बाबु र इन्जिनियरमा पनि त्यस विषयमा कुनै प्रकारको चासो देखिने सङ्केत नदेखिएकाले ती पात्रहरू पनि गतिहीन सूच्य पात्रका रूपमा देखापरेका छन् ।

## निष्कर्ष

रमेश विकलको दोस्रो कथासङ्ग्रह *एउटा बूढो भ्वाइलेन : आशावारीको धुनमा* कथासङ्ग्रहमा सङ्ग्रहित 'मेरी सानी भतिजी प्रतिमा' कथा आलोचनात्मक यथार्थवादी कथा हो । नेपाली साहित्यमा रमेश विकललाई प्रगतिवादी कथाकार मान्दै उनका कथाहरूलाई पनि प्रगतिवादी दृष्टिकोणबाट विश्लेषण गर्ने लामो परम्परा रहे पनि उनका कथामा विद्रोहको स्वर नभेटिने र शोषक र शोषित वर्गलाई प्रस्तुत गर्दै पाठकमा शोषकप्रति वितृष्णा र शोषितप्रति सहानुभूति उत्पन्न गर्ने शक्ति देखिन्छ, त्यसकारण उनका कथाहरूमा आलोचनात्मक यथार्थवादको अभिव्यक्ति रहेको देखिन्छ । प्रस्तुत 'मेरी सानी भतिजी प्रतिमा' कथा पनि यस दृष्टिकोणले सशक्त

देखापर्दछ । विशेषतः लैङ्गिक विभेदलाई विषय बनाइएको यस कथामा नारीहरू नै नारीहरूप्रति अनुदार हुन्छन् र अन्याय गर्दछन् भन्ने देखाइएको छ । आफैले जन्म दिएका छोराछोरीमध्ये छोरालाई काखा र छोरीलाई पाखा गर्ने प्रवृत्तिलाई कथाले प्रस्तुत गरेको छ । लैङ्गिक विभेदको यस स्वरूपले कथाकी प्रमुख पात्र बालिका प्रतिमा अन्यायमा परेकी छे भने उसैकी आमाले प्रतिमालाई चरम अन्याय गरेकी छे। आमाको मायाले पुल्पुलिएको भाइ अशोकले समेत दिदीमाथि अत्याचार गरेको छ । त्यसकारण कथामा शोषक वर्गको प्रतिनिधित्व गर्ने पात्र प्रतिमाकी आमा र भाइ हुन् भने इन्जिनियरको परिवारमा समेत इन्जिनियरकी पत्नी र छोरा लैङ्गिक शोषणमा संलग्न पात्र हुन् । कथाकी मुख्य पात्र प्रतिमा र इन्जिनियरकी छोरी शोषण र अन्याय अत्याचार सहन विवश शोषित वर्गका प्रतिनिधि पात्र हुन् । मूलतः अन्याय अत्याचारलाई देखेर पनि त्यसको प्रतिकार गर्न नसक्ने प्रतिमाको अंकल म पात्र गतिहीन स्वभावको चरित्र हो । घरमा आफ्नै पत्नीद्वारा सन्तान अन्यायमा पर्दा वास्ता नगर्ने प्रतिमाको बाबु र इन्जिनियर गतिहीन पात्र हुन् । यस्तै पात्रका कारण समाजमा विद्यमान अन्याय अत्याचारको अवस्था परिवर्तन नहुने हुँदा प्रस्तुत कथामा पनि अन्यायका विरुद्धमा विद्रोह भएको पाइँदैन । फलतः कथा आलोचनात्मक यथार्थवादी बन्न पुगेको छ ।

## सन्दर्भसूची


गौतम, कृष्ण (२०५९). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* दोस्रो संस्करण. साझा प्रकाशन ।

न्यौपाने, कमलादेवी (२०७८). 'लाहुरी भैँसी कथामा आलोचनात्मक यथार्थवाद'. *त्रिभुवन जर्नल.* १/१. पृ. १-७ ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२). *नेपाली उपन्यास र उपन्यासकार* तेस्रो संस्करण. साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५८). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* दोस्रो संस्करण. साझा प्रकाशन ।

भारद्वाज, मैथिलीप्रसाद (सन् २०११). *पाश्चात्य काव्यशास्त्रके सिद्धान्त* तृतीय संस्क.. हरियाणा साहित्य अकादमी ।

मिश्र, भगिरथ, (सन् १९८८), *पाश्चात्य काव्यसिद्धान्त : इतिहास, सिद्धान्त और वाद,* विश्वविद्यालय प्रकाशन ।

मिश्र, शिवकुमार, (सन् १९७८), *यथार्थवाद,* द्वितीय संस्करण, दि मैकमिलन कंपनी आफ इंडिया लिमिटेड ।

विकल, रमेश, (२०३८), *एउटा बूढो भ्वाइलेन : आशावरीको धुनमा* दोस्रो संस्करण, साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद, (२०६२), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार ।